# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन १७ गते २०३३ साल

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

प्रतिलिपी अधिकार ऐन, २०२२ अन्तर्गत संविधान, ऐन, अध्यादेश, नियम र नेपाल पक्ष भएको सन्धी सम्झौता समेतको प्रतिलिपी अधिकार श्री ५ को सरकारमा निहित भए–कोले संविधान, ऐन, अध्यादेश, नियम र नेपाल पक्ष भएको सन्धी सम्झौताहरूको प्रकाशनका सम्बन्धमा देहायका व्यवस्थाहरू लागू हुने गरी यो सूचना प्रकाशित गरिएको छ:–

(१) नेपालको वर्तमान संविधान, ऐन, अध्यादेश, नियम, गठन आदेशको मूल पाठ (बेयर टेक्स्ट) र तिनमा भएको संशोधन तिनको एकीकरण तथा नेपाल पक्ष भएको सन्धी सम्झौता कानून तथा न्याय मन्त्रालय (कानून किताब व्यवस्था समिति) ले मात्र प्रकाशित गरी बिक्री वितरणमा ल्याउने ।

(२) श्री ५ को सरकारका अन्य मन्त्रालय विभाग र एजेन्सीले आपनो कामसित सम्बन्धित ऐन नियमहरू आपनो प्रयोगको लागि वा निःशुल्क वितरणको लागि वा आफूले प्रकाशित गर्ने पत्रिका वा प्रतिवेदनमा प्रकाशित गर्न हुने ।



२०८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) श्री ५ को सरकार बाहेक अरू कसैले दफा (१) मा लेखिएको ऐन नियम वा सन्धी सम्झौताको सम्बन्धमा दफावार व्याख्या टिप्पणी सहित प्रकाशित गर्न सक्ने।

(४) कानून तथा न्याय मन्त्रालयले उपयुक्त सम्झे कुनै डाइरेक्टरी वा विषय विशेष पत्रिका (स्पेशलाइज्ड जर्नल) को प्रकाशकलाई कूटनैतिक सुविधा सम्बन्धी, विदेशी सम्बन्धी, राहदानी सम्बन्धी, पर्यटन र पर्वतारोहण सम्बन्धी, विदेशी विनिमय सम्बन्धी, विदेशी लगानी एवं वैदेशिक व्यापार सम्बन्धी ऐन नियम प्रकाशित गर्न स्वीकृति दिन सक्ने।

(५) संविधान, ऐन, अध्यादेश, नियम, सन्धी सम्झौताको कुनै भाषामा गरिएको अनुवादको हकमा पनि माथि लेखिएबमोजिम हुने।

(६) स्वीकृति ली प्रकाशित गरिएकोमा सो विषयको स्रोत र स्वीकृति उद्धृत गर्नु पर्ने।

(७) माथि दफा (२), (३) र (४) बमोजिम प्रकाशित गर्नेले बिक्री वा वितरणमा ल्याउनु अघि २ प्रति कानून मन्त्रालयमा दाखिल गर्नु पर्ने।

(८) मिति २०२९।११।१ को नेपाल राजपत्रको भाग ४ मा प्रकाशित यस मन्त्रालयको यस विषयसित सम्बन्धित सूचना खारेज गरिएको छ।

आज्ञाले–
हरिप्रसाद शर्मा
श्री ५ को सरकारको का. मु. सचिव

---

## भूलसुधार

नेपाल राजपत्र भाग ४ खण्ड २५ काठमाडौं असार २३ गते २०३२ साल (संख्या १३) मा प्रकाशित यस मन्त्रालयको जग्गा प्राप्ति सूचनामा कि.नं. ३५ को ४–६–० प्रकाशित भएकोमा सोको सट्टा कि.नं. ३५ को ३–०–० तीन रोपनी मात्र अधिग्रहण गरिने गरी संशोधन गरिएको छ।

स्वास्थ्य मन्त्रालय

---

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०९